आज मिति २०८१ साल वैशाख २९ गतेका दिन शारदा नगरपालिकाका नगर प्रमुख श्री प्रकाश भण्डारीको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णयहरु गरियो।

## तपसिल

| | | |
|---|---|---|
| श्री प्रकाश भण्डारी | नगर प्रमुख | शारदा नगरपालिका सल्यान |
| श्री सुस्मिता सापकोटा | नगर उप प्रमुख | ,, — ,, — ,, |
| श्री प्रदिप पाण्डेय | वडाध्यक्ष वडा नं. १ | ,, — ,, — . |
| श्री रबि हमाल | ,, — ,, — २ | ,, — ,, — , |
| श्री तुलसा भण्डारी | ,, — — ,, ३ | ,, — ,, — . |
| श्री किशोर कुमार हमाल | ,, — ,, — ४ | ,, — ,, . |
| श्री प्रदिप शाही | ,, — ,, — ५ | ,, — ,, . |
| श्री गिरिराज बुढाथोकी | ,, — ,, ६ | ,, — ,, — . |
| श्री लिला बहादुर रोका | ,, — ,, ७ | ,, — ,, — ,, |
| श्री लक्ष्मण बुढाथोकी | ,, — ,, — ८ | ,, — ,, — . |
| श्री हेमेन्द्र कुमार बुढाथोकी | ,, — ,, ९ | ,, — ,, — |
| श्री कृष्ण बहादुर बोहरा | ,, — ,, १० | ,, — ,, . |
| श्री राजेन्द्र कुमार शर्मा | ,, — ,, ११ | ,, — ,, — |
| श्री सुरेन्द्र बुढा | ,, — ,, १२ | ,, — ,, . |
| श्री जय बहादुर बुढा | ,, — ,, १३ | ,, — ,, |
| श्री प्रकाश पुन | ,, — ,, १४ | ,, — ,, — |
| श्री लोकसरा बुढाथोकी | ,, — ,, १५ | ,, — |
| श्री रत्ना कुमारी थापा | नगर कार्यपालिका सदस्य | ,, — |
| श्री मञ्जु परियार | ,, — ,, — | ,, — . |
| श्री भगवती बोहरा | ,, — ,, — | ,, |
| श्री इन्द्रा कुमारी डाँगी | ,, — ,, — | — . |
| श्री पुष्पा नेपाली | ,, — ,, — | ,, . |
| श्री गंगा पोखरेल | ,, — ,, — | ,, . |
| श्री प्राज कुमार साउँद | ,, — ,, — | . |
| श्री दिपक विश्वकर्मा | ,, — ,, — | ,, . |
| श्री ओम प्रकाश देवकोटा | सचिव | ,, — ,, . |

प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक संख्या नं. ४६ स्थानः नगरपालिका भवन मिति २०८२/०१/२९ गते**

**समयः बिहान ८:०० बजे (शनिवार)**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. कानून निर्माण सम्बन्धमा ।
३. मूख्यमन्त्री रोजगार कार्यक्रम छनौट सम्बन्धमा ।
४. बहाल बिटौरी कर उठाउने सम्बन्धमा ।
५. त्रिभुवन जनता माध्यमिक विद्यालय मार्केको भवनको मर्मत सम्बन्धमा ।
६. सोलार बत्तीको ~~मिटर~~ मर्मत सम्बन्धमा ।
७. योग शिविर सञ्चालनमा भएको खर्च अनुमोदन सम्बन्धमा ।
८. किसान सम्मेलनमा भएको खर्च अनुमोदन सम्बन्धमा ।
९. कफी पकेट विकास कार्यक्रम लागि संस्था छनौट सम्बन्धमा ।
१०. स्थानीय सहजीकरण तथा अनुगमन समिति गठन सम्बन्धमा ।
११. भुक्तानी फरफारक सम्बन्धमा ।
१२. अनुगमन प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
१३. म्याद थप सम्बन्धमा ।
१४. मालपोत कार्यालयको दर्ता कायम भएको जग्गामा संरचना बनाउने सम्बन्धमा ।
१५. विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रमका लागि छनौट भएका नामावली विवरण अनुमोदन सम्बन्धमा ।
१६. अनुदानमा सिलाई कटाई मेशिन उपलब्ध गराउने सम्बन्धमा ।
१७. सडक डिभिजन कार्यालय दाङ्गलाई पत्राचार गर्ने सम्बन्धमा ।
१८. बाख्रा श्रोत केन्द्रको छनौटका लागि पुनः सूचना गर्ने सम्बन्धमा ।
१९. वृत्ति मार्गनिर्देशन कार्यक्रमका लागि विद्यालय छनौट सम्बन्धमा ।
२०. विविध ।

**कार्यपालिका बैठक मिति २०८२ बैशाख २९ गते**

CamScanner

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

तपसीलमा उल्लेखित कार्यविधि अर्को कार्यपालिका बैठकमा राय सल्लाह सहित पेश गर्ने गरी विधेयक समितिमा पठाउने निर्णय गरियो।

(१) एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

(२) जग्गा खण्डीकरण/प्लटिङ्ग अनुमती तथा सिफारिश सम्बन्धी कार्यविधि, २०८२

**निर्णय नं. ३**

आगामी आर्थिक वर्ष २०८२।०८३ को लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सञ्चालन हुने मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत देहायको आयोजनाहरु छनौटका लागि सिफारिस गर्नुका साथै उल्लेखित आयोजनाहरु संघ, प्रदेश र स्थानीय तह वा अन्य कुनै निकायबाट सञ्चालित वा सञ्चालन हुने आयोजनासंग दोहोरोपना नपरेको र नपर्ने, कार्यान्वयन योग्य भएको, कार्यान्वयनमा कुनै विवाद नरहेको र कार्यान्वयनको तयारी पुरा भएको भनी उक्त आयोजना छनौट भई बजेट विनियोजन भएपछि पुनः संसोधन वा रकमान्तर गर्न नपर्ने र सोको लागि अनुरोध समेत नगरिने प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो।

| क्र.सं. | कार्यक्रमआयोजनाको नाम/ | वडा नं. | आयोजना स्थल | प्रस्तावित रकम | विषय क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | भगवती खोला सिँचाई कूलो निर्माण | १ | भगवती खोला | १५,००,००० | सिँचाई | |
| २ | सिद्धबाबा तथा कालिका थान पर्यटकीय स्थान पदमार्ग निर्माण | २ | जोगीदेउखोला र डाँडागाउँ | १५,००,००० | पर्यटन पूर्वाधार निर्माण | |
| ३ | भानुभक्तचौरदेखि पेदिसम्म सिँचाई कूलो निर्माण | ३ | भानुभक्तपेदि- | १५,००,००० | सिँचाई | |
| ४ | ठूलाखोला उत्तेसिनी सिँचाई कूलो निर्माण | ४ | काफलखोला | १५,००,००० | सिँचाई | |
| ५ | कृषि तथा पशुपालन समूहसहकारी भएका / स्थानमा पानी संकलन पोखरी निर्माण | ५ | रानीकोट | १५,००,००० | पानी संकलन पोखरी | |
| ६ | रातीखोलीदेखि मसानघाटसम्म तटबन्धन निर्माण | ६ | रातीखोली-मसानघाट | १५,००,००० | तटबन्धन | |
| ७ | सिरचौर, बोरीखोला तटबन्धन निर्माण | ७ | सिरचौर-बोरीखोला | १५,००,००० | तटबन्धन | |

**कार्यपालिका बैठक मिति २०८२ बैशाख २९ गते**

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | वडा नं ८ मा पार्क निर्माणपर्यटन विश्राम स्थल ) (समेत | ८ | मार्के | १५,००,००० | पर्यटन पूर्वाधार निर्माण | |
| ९ | नेपाने सिँचाई कूलो निर्माण | ९ | नेपाने | १५,००,००० | सिँचाई | |
| १० | पैयाँखर्क खानेपानी टंकी निर्माण तथा स्तरउन्नती | १० | पैयाँखर्क | १५,००,००० | खानेपानी | |
| ११ | माथिल्लो स्याला पीपल चौतारीदेखि कालिका मन्दिर पर्यटन क्षेत्रमा सिँढी निर्माण | ११ | स्याला | १५,००,००० | पर्यटन पूर्वाधार निर्माण | |
| १२ | अग्रैटाकुरा, ठूलासिम, कागखोला र तिमिले खानेपानी निर्माण तथा सिमलज्यूला सिँचाई कूलो निर्माण | १२ | सिमलज्यूला | १५,००,००० | सिँचाई | |
| १३ | काउलेखोला, टाट्के, तिनुका रुखदेखि अमिलाबोट सिँचाई कूलो निर्माण तथा मर्मत | १३ | काउलेखोला, टाट्के, अमिलाबोट | १५,००,००० | सिँचाई | |
| १४ | डुरे ओरालदेखि भगवती पार्क जाने गोरेटो बाटोमा सिँढी र टहरा निर्माण | १४ | डुरे ओराल, भग वती पार्क | १५,००,००० | पर्यटन पूर्वाधार निर्माण | |
| १५ | स्यालेधारी - सिमतारा - बराखोला सिँचाई कूलाहरु निर्माण | १५ | स्यालेधारी - - सिमतारा बराखोला | १५,००,००० | सिँचाई | |

**निर्णय नं. ४**

साविक मार्के गा.वि.स. वडा नं. ४ हाल शारदा नगरपालिका वार्ड नं ८ कित्ता नं. ५४ नापी फिल्ड बुकमा जंगल विरह कायम भई नेपाल सरकारको नाममा दर्ता श्रेता कायम भएको जग्गामा २१ जना व्यक्तिहरुले भोग गरेको र साविक मार्के गा.वि.स. वडा नं. ९ हाल शारदा नगरपालिका वार्ड नं ९ सालचौर कित्ता नं.२५९ नापी फिल्ड बुकमा जंगल विरह कायम भई नेपाल सरकारको नाममा दर्ता श्रेता कायम भएको जम्मा २४ जना व्यक्तिहरुले भोग गरेकोले पछि नेपाल सरकारले गरेको निर्णयलाई मान्य हुने गरि हाललाई सो जग्गा उपभोग गरे वापत नगरपालिकाले बहाल विटौली कर उठाउने निर्णय गरियो।

**निर्णय नं. ५**

मिति २०८२ बैशाख ० गते आएको हावा हुरीले शारदा नगरपालिका वार्ड नं ८ मार्केमा रहेको त्रिभुवन जनता माध्यमिक विद्यालयको पश्चिम तर्फको २ कोठे भवन तथा स्वास्थ्य चौकी मार्केको टिनको छाना उडाएकोले विद्यालय तथा वडा



CamScanner

कार्यालयको सिफारिश एवं जिल्ला प्रहरी कार्यालय, सल्यानको प्रहरी मुचुल्का समेत प्राप्त भएकोले नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट मर्मत सम्भार गर्ने भनी निर्णय गरियो।

**निर्णय नं. ६**

मिति २०८२ बैशाख ० गते आएको हावा हुरीले शारदा नगरपालिका भित्रका विभिन्न सोलार बत्तीमा क्षति पुग्न गएकोले नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट मर्मत सम्भार गर्ने भनी निर्णय गरियो।

**निर्णय नं. ७**

शारदा नगरपालिका सल्यानको आयोजना तथा पतञ्जली योग समिति सल्यानको समन्वयमा मिति २०८२ बैशाख २ गते देखि ६ गते सम्म श्रीनगर शीतलपाटी र मिति २०८२ बैशाख ७ गते देखि ११ सम्म खलंगा सल्यानमा सञ्चालन गरिएको योग शिविरमा भएको खर्च रकम रू ४ लाख ६० हजार प्राप्त बिल भरपाई तथा अन्य कागजातका आधारमा खर्च अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

शारदा नगरपालिकाद्वारा मिति २०८२/०१/०८ गते सञ्चालित पालिकास्तरीय प्रथम किसान सम्मेलन कार्यक्रममा भएको खर्च रकम रु २,९९,९४४/- (दुई लाख उनान्सय हजार नौ सय चवालिस मात्र) अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

आर्थिक वर्ष २०८१/८२ मा संघीय सशर्त तर्फको वार्षिक स्वीकृत नयाँ कफी पकेट विकास कार्यक्रम अन्तर्गत मिति २०८१/१२/२६ गते बसेको प्राविधिक समितिको निर्णयानुसार रानीकोट एग्रो इण्डष्ट्रि प्रा. लि., शारदा नगरपालिका-५, सल्यानसंग प्रचलित कानून बमोजिम सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत कृषि विकास शाखालाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १०**

कर्णाली प्रदेश सरकार घर बीमा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ को दफा १२ बमोजिम स्थानीय तहमा गरिने बीमाको तथ्याङ्क संकलन, प्रचारप्रसार, बीमालेखको जारी तथा दाबी फर्छयौट कार्यमा सहजीकरण गर्न तपसील स्थानीय सहजीकरण तथा अनुगमन समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| (१) नगर प्रमुख श्री प्रकाश भण्डारी | संयोजक |
| (२) प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा | सदस्य |
| (३) संयोजक, पूर्वाधार विकास समिति श्री प्रदिप पाण्डे | सदस्य |
| (४) शाखा प्रमुखहरु सबै | सदस्य |
| (५) विपद् फोकल पर्सन श्री पदम बहादुर घर्ति | सदस्य सचिव |

**निर्णय नं. ११**

यस आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार हालसम्म भएको फरफारक (खर्च तथा भुक्तानी) को अनुमोदन गर्ने निर्णय गरियो। जसमा चालु तर्फ रु. २९,९३,३०,६६७।६१ (५८.७१ प्रतिशत) पूँजीगत तर्फ रु. ५,४५,३२,२११/- (४२.६९ प्रतिशत) र समग्रमा (५४.६८ प्रतिशत) रहेको छ।

**निर्णय नं. १२**

शारदा नगरपालिकाका उपप्रमुख सुस्मिता सापकोटा सुनारले पेश गर्नु भएको २०८१ चैत्र र २०८२ बैशाखसम्मको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**कार्यपालिका बैठक मिति २०८२ बैशाख २९ गते**

CS CamScanner

**निर्णय नं. १३**

SMO/NCB/GOODS/03/2081/082 बोल पत्र भएको यस नगर कार्यपालिकाको कार्यालयले यस आर्थिक वर्षमा खरिदको प्रक्रियामा रहेको सार्वजनिक बसको आपूर्ति यस कार्यालयलाई बैशाख मसान्तसम्म गर्ने भनी दुवै पक्ष बीच भएको सम्झौता अनुसार आपूर्तिकर्ताकले बसको डेकोरेशन, इन्टेरियर र रङ्गरोगन गर्दा समय अभाव भई जेष्ठ मसान्तसम्मका लागि म्याद थप गरी पाउँ भनी निवेदन पेश गरेकोले माग अनसारको समय थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

मालपोत कार्यालय सल्यानको नाममा दर्ता कायम रहेको शारदा नगरपालिका वार्ड नं. २ साविक खलंगा गा. वि. स. वार्ड नं. ४ कित्ता नं. ३१४ क्षेत्रफल १-३-०-० को जग्गामा मालपोत कार्यालय सल्यानको सुझाव पत्र अनुसार अस्थायी प्रकारको आराम स्थल निर्माण गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १५**

विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०८१ बमोजिम प्रत्येक वडा समितिबाट सिफारिश भई आएका कुल १५० जना विपन्न नागरिकको स्वास्थ्य बीमा गर्न नगरपालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिबाट मिति २०८२ बैशाख २९ गते बसेको बैठकको निर्णय बमोजिम कार्यपालिकाबाट स्वीकृत हुन पेश भए बमोजिमको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

यस आर्थिक वर्षको स्वीकृत कार्यक्रम अनुसार विनियोजन भएको रु. ३ लाखबाट सिलाई कटाई व्यवसाय गरी बसेका यस नगरपालिकाका नागरिकहरुलाई ७० प्रतिशत अनुदानमा विधुतीय सिलाई कटाई मेशिन उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १७**

श्रीनगर खैरावाङ्ग कालो पत्रे सडकको नालामा गत चैत्र बैशाखमा परेको पानीका कारण पहिरोको माटो आई पानीको भल सडक बीच तथा किनारबाट बगी क्षती पुगेकोले यस वर्षको वर्षातको समयमा पनि बाढी सडकमा पसी थप क्षती पुग्न सक्ने देखिएकोले समयमै त्यस सडकको मर्मत सम्भारका लागि डिभिजन सडक कार्यालय, दाङ्गलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश तथा स्थानीय तहमा सशर्त अनुदान तर्फको वित्तीय हस्तान्तरण भएका पशुपंछी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ बमोजिम बाख्रा श्रोत केन्द्र कार्यक्रम सञ्चालन गर्न प्रथम पटक मिति २०८१/०६/०९ गते प्रकाशित सूचना अनुसार कुनै पनि इच्छुक कृषक/समूह/समिति/सहकारी/संघ/संस्था/कम्पनी/निजी उद्यमीहरुले कार्यविधिमा उल्लेखित मापदण्ड बमोजिम रीतपूर्वक प्रस्ताव पेश हुन नआएकोले पुनः ७ दिने सूचना आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

सामाजिक विकास मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेतको च न १६६६ मिति २०८२/०१/१९ गतेको पत्रानुसार नेपाल सरकार र स्वीजरल्याण्ड सरकारको सहकार्यमा सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशद्वारा सञ्चालित दीगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजना दोस्रो अन्तर्गत वृत्ति पहिचानका लागि वृत्ति मार्ग निर्देशन कार्यक्रम सञ्चालन गर्न छनौट गरिएको महेन्द्र रत्न माध्यमिक विद्यालय, हिवल्चाको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**कार्यपालिका बैठक मिति २०८२ बैशाख २९ गते**

**निर्णय नं. २०**

विविध विषयमा तपसीलको निर्णय गरियो।

(क) नगरपालिका संघको कार्यकारिणी समितिको बैठक तथा संघको स्थापना दिवसमा भाग लिन एवं नगरपालिकामा सञ्चालन गर्नु पर्ने विकास योजनाका आवश्यक बजेट मागका लागि मिति २०८२ बैशाख १० गते देखि गर्नु भएको काठमाण्डौंको भ्रमण गर्दाको खर्च अनुमोदन गर्ने।

(ख) यस नगर कार्यपालिकाले खरिद गरेको सार्वजनिक बसको लागि आवश्यक सवारी चालक एक (१) को विज्ञापन गरी भर्ना गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

(ग) कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा सम्पन्न भएको कर्णाली छोरी सम्मेलनका लागि आयोजक संस्था ज्योती फाउन्डेशनलाई विविध जनचेतनामूलक कार्यक्रम शीर्षकबाट रु १,२५,०००/- (अक्षेरुपी एक पच्चीस हजार मात्र) उपलब्ध गराउने।

(घ) शारदा नगरपालिकासंग सम्बन्धित अनुसन्धानात्मक लेख, रचना एवं खोजमूलक तथा नगरपालकाका असल अभ्यास र सेवाप्रवाह सम्बन्धी छापा/श्रव्य/दृश्य/रेडियो समाचार प्रकाशन/प्रसारण गरी पत्रकारिता मार्फत यस पालिकाको विकास र सुशासनमा टेवा पुऱ्याउने १ जना सञ्चारकर्मीलाई नगद रु. २५०००/-(अक्षेरुपी पच्चीस हजार मात्र) र प्रशंसा पत्र सहित **"शारदा पत्रकारिता पुरस्कार"** प्रदान गर्ने।



CamScanner